ADDCN ई बुलेटिन
Association of District Development Committees of Nepal
जिल्ला विकास समिति महासंघ नेपाल
Vol. 3 [Issue – 6] (जिल्ला विकास समिति महासंघ नेपालको मासिक ई-बुलेटिन) E-bulletin, 2014 January-Feb. [2070 Magh-Fagun]

# संविधानसभाका माननीय सदस्यज्यूहरुको बधाइ तथा अभिनन्दन कार्यक्रम आयोजना




२०७० फागुन २ गते, स्थानीय निकायका संघ महासंघहरु जिल्ला विकास समिति महासंघ नेपाल, गाउँ विकास समिति राष्ट्रिय महासंघ र नेपाल नगरपालिका संघद्वारा विगतमा स्थानीय निकायका विभिन्न तहहरुमा रही काम गरेका र हालै गठित संविधानसभामा देशै भरिबाट प्रतिनिधित्व गर्नुहुने संविधानसभाका माननीय सदस्यज्यूहरुको सम्मानमा एक अभिनन्दन कार्यक्रमको आयोजना गरियो । तीन भागमा विभाजन गरी संचालन गरिएको उक्त कार्यक्रमको अध्यक्षता जिविस महासंघ नेपालका अध्यक्ष ऋषिराज लुम्सालीले गर्नु भएको थियो भने कार्यक्रमको संचालन जिविस महासंघ नेपालका कार्यकारी महासचिव हेमराज लामिछाने, गाविस राष्ट्रिय महसंघका कार्यकारी निर्देशक परशुराम उपाध्याय तथा नेपाल नगरपालिका संघका कार्यकारी निर्देशक कलानिधि देवकोटाले गर्नु भएको थियो भने कार्यक्रममा संचालन गरिएको अन्तरक्रिया कार्यक्रमको सहजीकरण जिविस महासंघका प्रवक्ता कृष्णप्रसाद जैसीले गर्नुभएको थियो ।

गाविस राष्ट्रिय महासंघका महासचिव भीमप्रसाद ढुंगानाले नवनिर्वाचित सभासदज्यूहरुको सम्मानमा स्वागत मन्तव्य राख्नु भएको थियो भने जिविस महासंघका अध्यक्ष ऋषिराज लुम्साली, नेपाल नगरपालिका संघका अध्यक्ष डोरमणि पौडेल तथा गाविस राष्ट्रिय महासंघका महासचिव भीमप्रसाद ढुंगानाले हालै संविधानसभा सदस्यमा निर्वाचित जिविस महासंघका केन्द्रीय सदस्यहरु जीवनबहादुर शाही र भरतबहादुर खड्का, नेपाल नगरपालिका संघका कोषाध्यक्ष ध्रुव वाग्ले तथा गाविस राष्ट्रिय महासंघका अध्यक्ष महिन लिम्बु लगायत सम्पूर्ण माननीय सदस्यज्यूहरुलाई खादा ओढाएर अभिनन्दन गर्नुभएको थियो । जिविस महासंघका संस्थापक अध्यक्ष कृष्णलाल सापकोटा, पूर्व अध्यक्षहरु माधव पौडेल र कृष्णप्रसाद सापकोटा र नगरपालिका संघका अध्यक्ष डोरमणि पौडेल र संस्थापक अध्यक्ष बेखारत्न शाक्य, गाविस राष्ट्रिय महासंघका संस्थापक अध्यक्ष नारायण कोइराला तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव शान्तबहादुर श्रेष्ठले सबै माननीयज्यूहरुलाई संविधानसभा सदस्य जस्तो गरिमामय पदमा निर्वाचित हुनुभएकोमा बधाई ज्ञापन गर्दै र कार्यकालको सफलताको कामना गर्दै छिटो भन्दा छिटो **स्थानीय निकायको निर्वाचन गराउन** आवयश्क पहल गर्न अनुरोध गर्नुभयो । कार्यक्रमको अतरक्रिया सत्रमा बुद्धिजीविहरु प्रा. कृष्ण खनाल, नेपाल सरकारका पूर्वसचिव खेमराज नेपाल, डा. श्यामकृष्ण भुर्तेल र डा. प्रेम शर्माले स्थानीय निकायको निर्वाचनसंग सम्वन्धित राजनैतिक एवं नीतिगत पक्षहरुकाबारेमा आ-आफ्ना धारणा राख्नु भएको थियो । त्यसै गरी सो अन्तरक्रिया कार्यक्रममा आफ्नो अभिमत राख्नुहुने सम्पूर्ण संविधानसभा सदस्यज्यूहरु रामेश्वर फुँयाल, जीवनबहादुर शाही, भरतबहादुर खड्का, जयन्ती राई, टुका हमाल, कमल पगेनी, ध्रुव वाग्ले, नवराज शर्मा, टीकाराम चेम्जोङ, मानप्रसाद खत्री, रामचन्द्र पोखरेल, विकास लम्सालले आफूहरु स्थानीय निकायको चुनावको लागि लड्दै आएको र अब पनि त्यसको लागि लड्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रमको समापन गर्दै कार्यक्रमका अध्यक्ष ऋषिराज लुम्सालीले स्थानीय निकायको निर्वाचन नहुनु लोकतन्त्रको घोर उपहास हो र यसको लागि आमरण अनसन बस्न नपरोस भनेर सचेत गराउनु भयो ।





# संविधानसभाका माननीय सदस्यहरुसंगको अन्तरक्रिया कार्यक्रम सम्पन्न

२०७० फागुन १ गते, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र जिल्ला विकास समिति धनुषाको संयुक्त आयोजना तथा युनिसेफ नेपाल र जिल्ला विकास समिति महासंघ नेपालको सहयोगमा २०७० मा गठन भएको संविधान सभामा धनुषा जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने संविधानसभाका सम्पूर्ण माननीय सदस्यज्यूहरुसँगको अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

जिविस धनुषाले तर्जुमा गर्न गईरहेको आवधिक जिल्ला विकास योजनाका बारेमा माननीय सभासदज्यूहरुलाई जानकारी गराउने र यसलाई धनुषा जिल्लाको वस्तु स्थिति अनुसारको बनाई धनुषा जिल्लाको समग्र विकासको लागि मार्ग दर्शक दस्तावेज बनाउन यसका लागि उहाँहरुबाट निरन्तर पृष्ठपोषण प्राप्त गर्ने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरिएको थियो ।

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. रविन्द्रकुमार शाक्यको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रमको अध्यक्षता संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव शान्तबहादुर श्रेष्ठले गर्नु भएको थियो । धनुषा जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने २८ जना संविधानसभा सदस्यहरु मध्ये २५ जनाको उपस्थिति रहेको सो अन्तरक्रिया कार्यक्रममा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय लगायत स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, भौतिक पूर्वाधार मन्त्रालय, शहरी विकास मन्त्रालय, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, शिक्षा मन्त्रालय र राष्ट्रिय योजना आयोगका सचिव तथा सह-सचिवहरु, स्थानीय निकायका संघ तथा महासंघका पदाधिकारीहरु र युनिसेफ नेपाल लगायतका विकास विकास साझेदारहरुको सक्रिय सहभागिता रहेको थियो । जिविस महासंघ नेपालका कार्यकारी महासचिव हेमराज लामिछानेले कार्यक्रम संचालन गर्नु भएको थियो भने जिविस धनुषाका स्थानीय विकास अधिकारी गुरुप्रसाद सुबेदीले सम्पूर्ण सहभागीहरुलाई स्वागत गर्नुको साथै कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । **"माननीय सभासदज्यूहरुसंगको अन्तरक्रिया कार्यक्रम, सन्दर्भ आवधिक जिल्ला विकास योजन, धनुषा"** नाम दिइएको उक्त कार्यक्रममा धनुषा जिल्लाको विकाससंग सम्बन्धित ५ वटा विषयमा प्रस्तुतीहरु गरिएका थिए । ति प्रस्तुतीहरुमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सह-सचिव दिनेशकुमार थपलियाले **बालबालिकामा लगानी किन?,** सोही मन्त्रालयका उपसचिव रमेशकुमार अधिकारीले **आवधिक जिल्ला विकास योजना तर्जुमाको उद्धेस्य,** जिविस महासंघका कार्यकारी महासचिव हेमराज लामिछानेले **आवधिक जिल्ला विकास योजना तर्जुमाको प्रक्रिया,** धनुषाका स्थानीय विकास अधिकारी गुरुप्रसाद सुबेदीले **धनुषा जिल्लाको विकासको सवालहरु,** नवराज गेलाल, सह-सचिव नेपाल सरकारले, **एशियाली विकास बैंकको सहयोगमा जनकपुरमा संचालन हुन गइरहेको परियोजना** सम्बन्धी प्रस्तुती गरेका थिए । त्यस पछि जिविस महासंघ नेपालका प्रवक्ता कृष्णप्रसाद जैसीद्वारा सहजीकरण गरिएको माननीय सभासदज्यूहरुसँगको छलफल कार्यक्रममा पूर्व मन्त्रीहरु आनन्दप्रसाद ढुङ्गाना, विमलेन्द्र निधि तथा पूर्व राज्यमन्त्रीहरु लगायत १७ जना माननीयज्यूहरुले आफ्नो विचार व्यक्त गर्नु भएको थियो । कार्यक्रमको अन्तिम चरणमा आयोजना गरिएको समापन सत्रमा कार्यक्रमका प्रमुख अतिथि डा. रविन्द्रकुमार शाक्य, जिविस महासंघ नेपालका अध्यक्ष ऋषिराज लुम्साली, शहरी विकास मन्त्रालयका डा. महेन्द्र सुब्बा, भौतिक योजना मन्त्रालयका सचिव तुलसी सिटौला तथा युनिसेफ नेपालका आवासीय प्रतिनिधि हाना सिंगरले कार्यक्रमका सम्बन्धमा आ-आफ्ना विचार राख्नु भएको थियो । कार्यक्रमको अन्त्यमा कार्यक्रमका अध्यक्ष शान्त बहादुर श्रेष्ठले सबैलाई धन्यवाद दिदै आवधिक जिल्ला विकास योजना तर्जुमा र कार्यान्वयनमा माननीय संविधानसभाका सभासद्हरुको अहम भूमिका रहने कुरामा जोड दिनु भयो ।

# धनुषा र सप्तरी जिल्लामा ऐतिहासिक बालभेला सम्पन्न

आवधिक जिल्ला विकास योजना तर्जुमाको सिलसिलामा सम्बन्धित जिल्ला विकास समितिहरुको आयोगजनामा यही २०७० साल माघ ११ गते धनुषा र २०७० साल माघ १६ गते सप्तरीको राजविराजमा जिविस महासंघ नेपालको सहजिकरण र यूनिसेफ नेपालको प्राविधिक सहयोगमा जिल्लास्तरीय बालभेला सञ्चालन गरिएको थियो । ती बालभेलाहरु जिल्ला विकास समितिहरुको अगुवाईमा सप्तरी जिल्लाको जिल्लास्तरीय बालभेलामा सबै ११४ वटै गाविसहरु र नगारपालिकाबाट १२ देखि १८ वर्ष सम्ममा १२५ जना बालबालिकाहरुको सहभागिता रहेको थियो भने धनुषमा ५० जना बालबालिकाहरुको सहभागिता रहेको थियो ।

सो कार्यक्रममा स्थानीय योजना भनेको के हो ? बार्षिक र आवधिक योजनामा के भिन्नता छ र स्थानीय योजना प्रक्रियामा बालबालिकाको सहभागिता कसरी सुनिश्चित गर्न सकिन्छ भन्ने विषयमा अभिमुखिकरण गरिएको थियो । उपस्थित बालबालिकाहरुलाई विभिन्न समुहमा विभाजन गरी बालमैत्री स्थानीय शासनको प्रवर्धनका लागि समाजमा भएको राम्रा प्रयास र अभ्यासहरु र बालबालिकाहरुले समाजमा भोगेका समस्याका विषयमा छलफल गरी भविष्यमा संवोधन गर्नु पर्ने सवालहरु र क्रियाकलापहरु समेत पहिचान गर्न लगाईएको थियो । सो समुह छलफलबाट बालबालिकाहरुले आगामी बार्षिक तथा आवधिक जिल्ला






विकास योजनामा समावेश गर्ने गरी महत्वपूर्ण मागहरु (कार्यक्रमहरु) पेश गरेका थिए । खासगरी बालवालिकाहरुका सवालहरुमा बालश्रम, बालविवाह, विद्यालय जान बञ्चित हुन परेको अवस्था, विधालय जांदा बाढीको समस्या, हात्ती आतंक, शीतलहर र आगलागी, विद्यालयमा नियमित पठन पाठन नहुने समस्या, सरसफाईको अभावले स्वास्थ्यमा पारेका नकारात्मक प्रभाव, क्षमता विकास तालिमहरु उपलब्ध हुन नसक्नु, जस्ता विषयहरुलाई खास खास क्रियाकलापहरु बनाई गाँउ विकास समिति, नगरपालिका, जिल्ला विकास समिति, विषयगत कार्यालयहरु र गैरसरकारी संस्थाहरुले कार्यान्वयन गरी ती सवालहरुको समाधान गर्न जिविस धनुषा र सप्तरीलाई माग समेत गरेका थिए । समग्रमा उक्त बालभेलाले गाविस र नगरपालिकाका बालबालिकाहरुलाई एकै थलोमा भेटघाट भै परिचित हुने अवसर उपलब्ध गराउनुका साथै बालबालिकाहरुले भोगेका समस्याहरुलाई जिल्लास्तरमा छलफल गरी पहिचान गर्न र सो विषय जिल्ला विकास समिति र सम्वन्धित निकायहरुलाई पेश गर्न पाउने महत्वपूर्ण अवसर रहेको थियो ।

सो अवसरमा बालबालिकाहरुबाट पेश गरिएका मागहरु जिविसहरुले आवधिक जिल्ला विकास योजनामा समावेश गरी कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए ।

# धनुषामा आवधिक जिल्ला विकास योजना पूर्व तयारी कार्यशाला गोष्ठी

धनुषा जिल्लाको आवधिक जिल्ला विकास योजना (आजिवियो) तयार गर्ने उद्धेस्यले २०७० साल माघ १२ र १३ गते जनकपुरको मुजेलिया स्थित ग्रामीण विकास प्रशिक्षण प्रतिष्ठानको सभा हलमा दुई दिने पूर्व तयारी कार्यशाला गोष्ठी सम्पन्न गरिएको छ । जिल्ला विकास समिति धनुषाको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा जिल्लाको विकाससंग सम्वन्धित सबै सरोकारवाला (जिल्ला स्थित विषयगत कार्यालयहरु लगायत अन्य सरकारी कार्यालयहरु, जिल्लामा सक्रिय राजनैतिक दलहरु, जिल्लामा रहेका गैससहरु, बालबालिका, महिला अपाङ्गता भएकाहरु, विकास साझेदारहरु) आदिको सक्रिय सहभागिता रहेको थियो । जिल्ला विकास समिति धनुषाका स्थानीय विकास अधिकारी श्री गुरुप्रसाद सुवेदीको सभापतित्वमा संचालित उक्त दुई दिने कार्यशाला गोष्ठीमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका उपसचिवहरु श्री रमेशकुमार अधिकारी तथा चक्रपाणी शर्मा, युनिसेफ नेपालका केन्द्रीय, क्षेत्रीय तथा जिल्ला स्तरका प्रतिनिधिहरुको सहभागिता रहेको थियो भने उक्त दुई गोष्ठीको सहजीकरण धनुषा जिल्लाको आवधिक योजना तर्जुमाको सहजीकरणको जिम्मा लिएको जिल्ला विकास समिति महासंघले गरेको थियो । उक्त कार्यक्रममा जिविस धनुषाका स्थानीय विकास अधिकारी श्री गुरुप्रसाद सुबेदीले कार्यक्रमको उद्धेस्यमाथि प्रकाश पार्नु भएको थियो भने युनिसेफ नेपालकी अञ्जली प्रधानले शुभारम्भ उद्‌गार “Coming together is a beginning. Staying together is progress. Working together is success.” प्रस्तुत गर्नु भएको थियो ।

प्राविधिक सत्र शुरु हुनुभन्दा अघि सहदेव महतज्यूको करिव एक घण्टाको Appreciative Inquiry सम्बन्धीको प्रस्तुतीले सहभागीहरुमा उत्प्रेरणा जगाएको थियो । त्यस पछि शुरु भएको प्राविधिक सत्रमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका रमेशकुमार अधिकारीले आवधिक योजना किन ? र बालमैत्री स्थानीय शासन सम्बन्धमा प्रस्तुतीकरण गर्नु भएको थियो ।

त्यसै गरी सोही मन्त्रालयका चक्रपाणि शर्माले वातावरण मैत्री स्थानीय शासन र विपद् व्यवस्थापनका सम्बन्धमा प्रस्तुतीकरण गर्नुभयो भने जिविस महासंघ नेपालका कार्यकारी महासचिव हेमराज लामिछानेले आवधिक जिल्ला विकास योजनाको तर्जुमा प्रक्रियाकाबारेमा प्रस्तुति गर्नुभयो । युनिसेफ नेपालका अन्जली शेरचन प्रधान र इन्दिरा कोइरालाले क्रमशः बालबालिकामा लगानी किन र लैंगिक समानता तथा सामाजिक समावेशीकरणका सम्बन्धमा प्रस्तुती गर्नु भयो ।

गोष्ठीको दोश्रो दिन सहभागीहरुलाई आर्थिक विकास समूह, सामाजिक विकास समूह, भौतिक पूर्वाधार विकास समूह, वातावरण तथा विपद् व्यवस्थापन समूह र संस्थागत स्रोत तथा क्षमता विकास समूह गरी जम्मा ५ वटा समूहमा विभाजन गरी समूहकार्य गराइएको थियो । समूहकार्यमा सूचना संकलनका लागि तयार गरिएका ढाँचाहरुमा छलफल गरी आवश्यक सुझाव दिन अनुरोध गरिएको थियो । समूहकार्यको समाप्ति पछि हरेक समूहका संयोजकले सम्पूर्ण सहभागीहरु समक्ष आफ्ने समूहको तर्फबाट सुझाव दिनुको साथै आजिवियो तयार गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नु भयो ।



गोष्ठीको समापन कार्यक्रममा समूहका संयोजकहरु, स्थानीय विकास अधिकारी तथा राजनैतिक दलका प्रमुखहरुले तोकिएको समयमा आवधिक जिल्ला विकास योजना तयार गरेरै छाड्ने प्रतिबद्धता व्यक्त गर्नु भयो भने सघींय मामिला तथा स्थानीय विकास मन्त्रालयका उपसचिव श्री रमेशकुमार अधिकारीले यस जिल्लाको आजिवियो निर्माणमा मन्त्रालयको तफबाट आवश्यक सहयोग हुने वचन दिनुभयो ।

साथै, दुई दिने उक्त गोष्ठीले आजिवियो तर्जुमाको प्रयोजनको लागि धनुषाका स्थानीय विकास अधिकारीको अध्यक्षतामा जिल्लामा सक्रिय राजनैतिक दलहरु, प्रमुख विषयगत कार्यालयहरु तथा जिल्लाको विकासका प्रमुख सरोकारवालाहरु रहेको एक निर्देशक समिति (Steering Committee) र पाँचवटा क्षेत्रगत समूहहरु (Thematic Groups) गठन गर्ने र तिनीहरुको जिम्मेवारी तोक्ने निर्णय गरियो ।

जस अनुसार जिल्ला कृषि विकास कार्यालयका प्रमुख रहेको आर्थिक विकास समूह, जिल्ला शिक्षा अधिकारी संयोजक रहेको सामाजिक विकास समूह, जिल्ला प्राविधिक कार्यलयका प्रमुख जिल्ला इन्जिनियर रहेको भौतिक पूर्वाधार समूह, जिल्ला वन अधिकृत संयोजक रहेको वातावरण तथा विपद् व्यवस्थापन समूह र कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुख रहेको संस्थागत स्रोत तथा क्षमता विकास समूह गठन गर्ने निर्णय गऱ्यो । साथै, उक्त गोष्ठीले २०७१ सालको बैशाख दोस्रो हप्तासम्ममा जिल्ला वस्तुगत विवरण (District Profile) तयार गर्ने र ज्येष्ठ मसान्त सम्ममा मस्यौदा अजिवियो (District Periodic Plan) जिविसमा पेश गर्ने कार्यतालिकालाई समेत अनुमोदन गर्ने निर्णय गऱ्यो ।

# सुर्खेतमा विकासको अधिकार र क्षेत्रीय सन्तुलनबारे राष्ट्रिय सम्मेलन

यही माघ २४ र २५ गते कर्णाली एकीकृत विकास तथा अनुशन्धान केन्द्रको आयोजना तथा राष्ट्रिय योजना आयोगको समन्वय र विभिन्न साझेदारहरुको सहयोगमा "Right to Development: Tackling Regional Disparaties" विषयक राष्ट्रिय सम्मेलनको आयोजना गरिएको थियो । जिल्ला विकास समिति महासंघ नेपालको प्रवक्ता *कृष्ण प्रसाद जैशी* राष्टिय योजना आयोगले प्रस्तुति गर्ने एउटा सत्रको अध्यक्षता गर्न आमन्त्रण गरिएको थियो । ५ बुँदे प्रतिवद्धता तथा ६ बुँदे आह्वान सहितको सुर्खेत घोषणा पत्र सहित करिव १५० जना सहभागिहरु सहित सम्मेलन समापन भएको छ । राष्ट्रिय योजना आयोगका वर्तमान उपाध्यक्ष डा. रविन्द्र कुमार शाक्यको प्रमुख आतिथ्य रहेको उक्त कार्यक्रममा पूर्व उपाध्यक्ष डा. जगदिशचन्द्र पोखरेल र डा. दिनेशचन्द्र देवकोटाले पनि कार्यपत्रहरु प्रस्तुत गर्नु भएको थियो । राष्ट्रिय योजना आयोगको तर्फबाट पनि हालको अवस्था र योजना प्रक्रियामा सुधार गर्नु पर्ने अवस्था, विकासको प्रवृति तथा बजेट खर्च नहुने कारणहरु, बढ्दो शहरीकरण, बेरोजगारी, युवाहरुको विदेश पलायन तथा विप्रेषणमा निर्भर अर्थतन्त्रका समस्याहरु आदि बारे छलफल गरिएको थियो । तयस्तै डा. चन्द्र बहादुर श्रेष्ठले पनि यातायात सञ्जाल, भावी संरचना निर्माण गर्दा दुई ठुला आर्थिक महाशक्ति बन्ने होडमा रहेका भारत र चीनको बीचमा अवस्थित मुलुकले चुनौति र अवसर दुबै प्रति ख्याल गर्नु पर्ने कुरा तथ्यसहित प्रस्तुत गर्नु भएको थियो । डा. केशव खड्काले वाह्य सहयोग र ऋणको विगत लामो समय देखिको प्रभाव र अनुदान र ऋणको मात्राको विश्लेषण गर्ने हो भने हामीलाई केरै कम मात्र लाभ भएको विषय उजागर गर्नु भएको थियो । पूर्व मानव अधिकार आयोगका सदस्य तथा मानव अधिकारवादी नेता गौरी प्रधानले विकास र मानव अधिकारको तादात्म्यता मिलेन भने लोकतन्त्रका लाभहरुमा असन्तुलन हुने र नया खालका द्वन्दहरुको सिर्जना हुने बारे आफ्नो प्रस्तुति गर्नु भएको थियो ।

सरकारी तथा गैरसरकारी निकायहरु, पत्रकारहरु, केही समुदायका स्थानीय नेताहरुको सहभागिता र मध्यपश्चिम विश्वविद्यालयका उपकुलपति डा. पदमलाल देवकोटा, जिविस महासंघका निवर्तमान अध्यक्ष काभ्रेपलाञ्चोक जिविसका ०४९ र ०५४ का निर्वाचित सभापति र ०६४ मा प्रत्यक्षबाट निर्वापचत संविधान सभाका सदस्य समेत रहनुभएका कृष्ण प्रसाद सापकोटा, गैसस महासंघका अध्यक्ष सर्मिला कार्की, सामुदायिक वन उपभोक्ता महासंघका निवर्तमान अध्यक्ष घनश्याम पाण्डे, जिविस महासंघका प्रवक्ता कृष्णप्रसाद जैशीले विभिन्न सत्रको अध्यक्षता र आफ्ना अनुभव सहितको सत्र समापन गर्दा सहभागिहरुलाई सिक्न लायकका अभिव्यक्तिहरु ऋादान प्रदान भएका थिए । प्रस्तोता मध्य सबैजसोले नेपालको विकासको सोंच र वर्तमान गतिले मात्र कर्णाली जस्ता विकट तर प्राकृतिक श्रोत र साधनले सम्पन्न विशालकाय सम्भावनालाई सदुपयोग गरेर शीघ्र अग्रगति दिन सकिंदैन भन्ने साझा अभिव्यक्ति दिनुभएको थियो । साथै वैदेहिक सहायता पनि नेपाललाई आवश्यकता भन्दा पनि दाताको प्राथमिकतामा ल्याइने र त्यसको ६० प्रतिशत भन्दा पनि कहिलेकाँही त बढी हिस्सा उनकै सल्लाहकार आदिमा खर्च भएर जनताको तहमा पुग्दा कम मात्र पुग्ने गरेको अनुशन्धानबाट थाह भएको विषय पनि उजागर भएको थियो । साथै जे प्राप्त भएर उपलब्धी भएको छ त्यस प्रति पनि नकारात्मकता बढेको होकि भन्ने आभास हुँदा संयुक्त राष्टसंघीय र केही अन्य सहयोगी राष्टहरुको साझेदारीबाट राम्रा र सकारात्मक प्रभाव पनि परेको बारे मुलुकले सकारात्मक हुनु पर्दछ भन्ने सुझावहरु पनि आएका थिए ।

समग्रमा विकासलाई संघीय लोकतन्त्र, समावेशीता, अधिकार र लैङ्गिक समानता, क्षेत्रीय सनतुलन र दिगो वातावरणीय अनुकुलनको ख्याल गरी दीर्घ कालिन सोंच राखेर अघि बढ्नु पर्ने अत्यन्त सकारात्मक सुझावहरु आएका छन् । राष्ट्रिय योजना आयोगका उच्च नेतृत्व र विगत दुई पटकसम्म नेतृत्व गर्नु भएका व्यक्तिहरु दुई दिनसम्म लगातार सहभागि भई सुन्ने र विचार आदान प्रदान गर्ने विषय भावि गतिका लागि अत्यन्त शिक्षाप्रद रहन गयो । सुर्खेत-जुम्ला सडकले तिब्बतको मात सरोबर र कैलाश तथा रारा ताल जस्ता स.सारकै अति प्रख्यात पयैठकीय स्थलहरु जेड्ने र यार्चागुम्वा जस्ता अति दुर्लभ र मूल्यवान जडीबुटीहरुलाई व्यवसायीक ढंगले राजश्व र जनताको नियमित उत्पादन र प्रशोधन उद्योगमा परिणत गर्न सके मुलुक र कर्णाली क्षेत्रको सम्वृद्धि धेरै नजिक रहेको पनि छलफल र प्रस्तुतिमा आयो । भारतका ठुला शहरहरु तीव्र औद्योगिकीकरणमा ख्याल गरी पूर्वाधार विकास गर्ने, लोडशेडिङ्ग घटाई औद्योगिकीकरणमा तीव्रता ल्याउने र कृषिमा व्यवसायिकरण गरे प्रशोधन उद्योगको छिटो विकास गर्ने एवम् लुम्बिनीको प्रगाढ सम्भावना र नेपाल भित्रिने पर्यटकहरुलाई बढी दिनसमम बस्न सक्ने र बढी भित्तयाउने योजना बनाउ मात्र अर्थतन्त्र अगाडी बढ्ने कुरा निश्चित भएको विषय पनि सम्मेलनमा व्यापक छलफल भयो । समयमा विचार पुगेन भने वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले मात्र मुलुकको अर्थतन्त्र अगाडि बढ्न नसक्ने अति संवेदनशील विषयहरु पनि छलफलमा आउनुले सम्मेलनको महत्व राष्ट्रव्यापी नै भएको आभास भएको थियो ।

साथै केन्द्रमा मात्र निर्वाचित सरकार र स्थानीय निकायमा विगत ०५९ साल देखि निर्वाचन नहुँदा खर्च व्यवस्थित नभएको, राजश्व घटेको, भ्रष्टाचार बढेको, जवाफदेहीता र उत्तरदायित्व नभएको र जनतामा गणतन्त्र र लोकतन्त्र प्रतिका आसाहरु अपेक्षा गरे अनुसार प्राप्त नहुनुले भावी पुस्ता निरास वा अराजक हुन सक्ने सम्भावना प्रति पनि सकयमै सजग हुनु पर्ने सुझावहरु दिइएका छन् । त्यसकासाथै कर्णाली र मुलुकका पछाडि परेका वा पारिएका ठाउँलाई केही समयका लागि सकारात्मक विभेद र विशेष कार्यक्रम तथा बजेटको व्यवस्था र कार्यान्वयन, आर्थिक वर्षको फरक व्यवस्था तथा अनुगमनको पनि बढी चासोकासाथ क्रियान्वयन भयो भने यसले शीघ्र प्रतिफल दिनेमा सहभागिहरु बीच सहमति भएको थियो । यसका लागि स्थानीय निकायहरुलाई स्थानीय सरकारको रुपमा स्वीकार गर्ने र शीघ्र अन्तरिम निर्वाचन गरी जनप्रतिनिधिमूलक व्यवस्था गर्नाले नै समस्याको समाधानमा सहयोग पुग्ने पनि राय अभिव्यक्त हुनु नागरिक समाज र सरकारका विभिन्न पक्षहरु बीच छलफल हुनु साकारात्मक र सहकार्यबाट नै समाधान प्राप्त हुन्छ भन्ने लोतान्त्रिक पद्धतिको सकारात्मक शुरुवात भएको भन्न सकिन्छ । तर योजनाकारहरुले यस्ता विषयहरुलाई गम्भीरताका साथ लिएर कार्यान्वयन गर्न सके मुलुककै भविष्यका लागि पथप्रदर्शक बन्ने थियो । के साँच्चै त्यस्तो शुरुवात होला ?